**बागमती गाउँपालिका, मकवानपुर**

**बागमती राजपत्र**

| **खण्डः ९** | **संख्याः ७** | **मितिः २०८२।०९।२४** |
|---|---|---|


**भाग-२**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ट) को देहाय १, दफा ६४ को उपदफा (१) खण्ड (क) र दफा १०२ को उपदफा २ ले दिएको अधिकार बमोजिम बागमती गाउँपालिका, मकवानपुरको गाउँ कार्यपालिकाले स्वीकृत गरेको देहायमा उल्लिखित कानुन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ।

## बागमती गाउँपालिका तीन पाङ्ग्रे (अटो, सवारी साधन) सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** बागमती गाउँपालिका क्षेत्रभित्रको यातायात सुविधालाई सहज, सरल बनाउँदै गाउँपालिका क्षेत्रमा सञ्चालनमा आउने, विना दर्ता सञ्चालनमा रहेका अटो तथा सवारी साधनलाई थप व्यवस्थित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (४) को खण्ड (ट) को देहाय १, दफा ६४ को उपदफा (१) खण्ड (क) को प्रतिबन्धात्मक वाक्यांशको अधिकार अन्तर्गत रहि बागमती गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी बागमती गाउँपालिका गाउँ कार्यपालिकाबाट यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "बागमती गाउँपालिका तीनपाङ्ग्रे (अटो, सवारी साधन) सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ।

**२. कार्यविधिको प्रयोगः** यस कार्यविधिको प्रयोग बागमती गाउँपालिकाले गर्नेछ।

**३. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(१) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र बागमती गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ सम्झनुपर्छ।

(२) **"मन्त्रालय"** भन्नाले बागमती प्रदेशको सडक यातायात सँग सम्बन्धित मन्त्रालय सम्झनुपर्छ।

(३) **"कार्यालय"** भन्नाले यातायात व्यवस्था कार्यालय सम्झनुपर्छ।

(४) **"पालिका"** भन्नाले बागमती गाउँपालिका सम्झनुपर्छ।

(५) **"प्रमुख"** भन्नाले बागमती गाउँपालिकाको प्रमुख सम्झनुपर्छ।

(६) **"उपप्रमुख"** भन्नाले बागमती गाउँपालिकाको उपप्रमुख सम्झनुपर्छ।

(७) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बागमती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ।

(८) **"वडा अध्यक्ष"** भन्नाले बागमती गाउँपालिकाको वडा अध्यक्षलाई सम्झनुपर्छ।

(९) **"सवारी साधन"** भन्नाले तीनपाङ्ग्रे (पेट्रोल/डिजल/बिजुली/ब्याट्रीबाट चल्ने) अटो, सवारी साधनलाई सम्झनुपर्छ।

४. **कार्यविधिको व्याख्या:** कार्यविधि कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा भएमा सोको व्याख्या गाउँ कार्यपालिकाले गरे बमोजिम हुनेछ।

५. **प्रावधान बाझिएको हकमा:** (१) कार्यविधिमा उल्लिखित कुनै व्यवस्था प्रचलित ऐन एवम् नियमावलीमा उल्लिखित व्यवस्थासँग बाझिएमा ऐन एवम् नियमावलीमा उल्लेख भए बमोजिम हुनेछ।

(२) कार्यविधिमा उल्लिखित व्यवस्थासँग साबिकमा भएका परिपत्रहरु बाझिन गएमा यस कार्यविधिको व्यवस्था नै लागू गर्नु पर्नेछ।

६. **संशोधन र थपघट गर्न सकिने:** बागमती गाउँपालिकाले यस कार्यविधिमा हेरफेर गर्न सक्नेछ।

७. **कार्यविधिको पालना गर्नुपर्ने:** यस कार्यविधामा भएको व्यवस्थाहरुको पालना सम्बन्धित पक्षले गर्नुपर्ने हुन्छ।

## परिच्छेद-२

## दर्ता तथा नामसारी सम्बन्धी व्यवस्था

८. **सवारी साधन दर्ता:**

(१) गाउँपालिकामा सवारी साधन दर्ता गराउँदा आवश्यक कागजात संलग्न राखी अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-२ अनुसारको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) यातायात व्यवस्था/सेवा कार्यालयमा दर्ता भएका सवारी साधन यातायात व्यवस्था कार्यालयले दिएको नियमावलीको अनुसूची-७ बमोजिमको स्थानान्तरण-पत्र सहित अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(३) बागमती प्रदेशको अन्य कुनै पालिकाबाट यस पालिकाको सहमतिमा सवारी साधन दर्ता गर्न ल्याउँदा सम्बन्धित धनीले उक्त पालिकाबाट सरुवा सहमति लिएको ३५ दिन भित्रमा अनुसूची-१ बमोजिमको दस्तुर सहित अनूसूची-२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(४) उपदफा (५) बमोजिम दर्ता भएको सवारी साधनको धनीलाई पालिकाले अनुसूची-३ बमोजिम कोड, अक्षर र अङ्क सहित नम्बर प्लेट संकेत दिइनेछ र सवारी साधनको धनीले त्यस्तो नम्बर प्लेट, संकेत सम्बन्धित सवारी साधनमा प्रष्ट रुपमा देखिने गरी तत्काल राख्नुपर्नेछ।

(५) उपदफा (१), (२) र (३) बमोजिमको दरखास्त पर्न आएमा त्यस्तो दरखास्त सम्बन्धमा आवश्यक जाँचबुझ गरी ऐन, नियमावली तथा यस कार्यविधिको अधीनमा रहि सवारी साधन दर्ता गरी दरखास्तवालालाई अनुसूची-४ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची-५ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनु पर्नेछ।

(६) दर्ताको प्रमाण-पत्र दिइएको मितिले त्यस्तो प्रमाण पत्रको अवधि एक वर्ष सम्म बहाल रहने छ।

९. <u>**सवारी साधनको सरुवा सहमतिः**</u> (१) यस पालिकामा दर्ता भएको सवारी साधन अन्य पालिकामा सरुवा सहमति लिइ जानको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-६ बमोजिमको ढाँचामा सरूवा सहमति लिनको लागि दरखास्त पेश गर्नु पर्नेछ।

(२) यस पालिकाबाट सरुवा सहमति दिँदा त्यस्तो सवारी साधनबाट ऐन, नियमावली, कार्यविधि तथा प्रचिलत कानुन बमोजिम असुल गर्नुपर्ने कर, आयकर, दस्तुर, शुल्क, जरिवाना लगायत अन्य बक्यौता असुल उपर गर्नुपर्ने रहेछ भने त्यस्तो बक्यौता असुल उपर गरेर मात्र सवारी साधनको सरुवा सहमति दिनु पर्नेछ।

१०. <u>**परिवर्तन, हेरफेर तथा हेरफेर दर्ता सम्बन्धी व्यवस्थाः**</u> (१) सवारी साधानको धनीले सवारी साधनको रङ्ग, स्वरुप, नम्बर आदि परिवर्तन तथा हेरफेर गर्न चाहेमा स्वीकृतिको लागि अनुसूची-७ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा त्यस्तो सवारी साधनको सम्बन्धमा पालिकाले सम्बन्धित कर्मचारीबाट आवश्यक जाँचबुझ गराई त्यस्तो हेरफेर दर्ता तथा परिवर्तन गर्न अनुसूची-१ बमोजिमको दस्तुर लिइ स्वीकृत दिन सक्नेछ।

११. <u>**लिलाम दर्ताः**</u> (१) लिलाम बिक्रीबाट सवारी साधन दर्ता गराउन चाहने व्यक्ति, संघसंस्थाले लिलाम बिक्री गरी सवारी साधन प्राप्त गर्दाको अवस्थाका सम्पूर्ण कागजपत्रहरुको प्रतिलिपि संलग्न गरी अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-८ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) सवारी साधन लिलाम बिक्रीको सूचना प्रकाशित गर्दा नै लिलाम बिक्रीको सूचना प्रकाशित गर्ने सरकारी कार्यालय वा अन्य संघ संस्थाले सवारी साधन दर्ता गर्ने वा पत्रु (स्क्रयाव) मध्ये कुन प्रयोजनका लागि सूचना प्रकाशित गर्ने हो सोको व्यहोरा सूचनामा नै स्पष्ट उल्लेख गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा त्यस्तो दरखास्त सम्बन्धमा आवश्यक जाँचबुझ गरी ऐन, नियमावली तथा यस कार्यविधिको अधीनमा रहि सवारी साधन दर्ता गरी दरखास्तवालालाई अनुसूची-४ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसूची-५ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनु पर्नेछ।

**१२. दर्ताको प्रमाण-पत्र नवीकरणः** (१) सवारी साधन दर्ता प्रमाण-पत्रमा लेखिएको म्याद नाघेको ९० दिन भित्र दर्ताको प्रमाण-पत्र नवीकरण गराउन अनुसूची-१ बमोजिमको दस्तुर सहित पालिकामा अनुसूची-९ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) सवारी साधन धनी वा निजले खटाएको व्यक्तिले उपदफा (१) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गराउनको लागि तोकिएको दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र सहितको दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम नवीकरणको लागि दर्ताको प्रमाण-पत्र सहितको दरखास्त पेश हुन आएमा पालिकाले त्यस्तो दर्ताको प्रमाण-पत्र अर्को एक वर्षको लागि नवीकरण गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिमको म्याद नाघे पछि दर्ताको प्रमाण-पत्र नवीकरण गराउन दरखास्त दिने सवारी साधन धनीबाट नवीकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेको एक वर्ष सम्म पच्चिस प्रतिशत, दुई वर्ष सम्म पचास प्रतिशत, तीन वर्षसम्म पचहत्तर प्रतिशत, चार वर्षसम्म एकसय प्रतिशत र पाँच वर्षका लागि एकसय पच्चिस प्रतिशत दस्तुर समेत लिई त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गर्नु पर्नेछ। पाँच वर्ष सम्म नवीकरण नगरेमा गाउँपालिकाबाट प्रदान गर्ने अन्य सिफारिस रोक्का गर्न सकिनेछ।

**१३. सवारी साधनको नामसारीः** (१) कुनै व्यक्तिको नाममा दर्ता भएको सवारी साधन अन्य व्यक्तिको नाममा नामसारी गराउन चाहेमा सम्बन्धित सवारी साधन धनीले पालिकामा ऐनको दफा ३७ को उपदफा (१) बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-१० बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) सवारी साधनको नामसारी गर्दा खरिदकर्ता र बिक्रीकर्ता दुवै पालिकामा उपस्थित हुनु पर्नेछ र यसरी नामसारी गर्न आउँदा सवारी साधन खरिद तथा बिक्रीकर्ताले नागरिकताको सक्कल र अभिलेख प्रयोजनको लागि प्रतिलिपि साथै पेश गर्नु पर्नेछ।

(३) नाबालकको नाममा नामसारी गर्नु परेमा नाबालकको जन्म दर्ता प्रमाणपत्र, संरक्षक वा माथवर भए वडाको सिफारिस, संरक्षक वा माथवरको नागरिकताको प्रमाणपत्र तथा दुवैको पासपोर्ट साइजको दुई/दुई प्रति फोटो समेत लिई उपस्थित हुनु पर्नेछ।

(४) नामसारी गर्दा सवारी साधन पालिकामा अनिवार्य रुपमा ल्याउनु पर्नेछ।

(५) सवारी साधन जुन पालिकामा दर्ता रहेको छ सोही पालिकामा मात्र नामसारी गर्नु पर्नेछ।

(६) सवारी साधन आयातकर्ता, कम्पनी वा डिलरले सवारी साधन बिक्री गरी बिल काटेको मितिले साठी दिनभित्र सम्बन्धित खरिदकर्ताको नाममा नामसारी गरिसक्नु पर्नेछ र त्यस्तो म्याद नाघी नामसारी गर्न आएमा बागमती प्रदेश सरकारले जारी गरेको प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ बमोजिम जरिवाना असुल गरेर मात्र नामसारी गरिदिनु पर्नेछ।

(७) सवारी साधन नामसारी गर्न चाहने व्यक्ति बिरामी भई अशक्त भएमा सम्बन्धित अस्पतालको सिफारिस र उमेरका कारणले अशक्त भएमा सम्बन्धित वडाको सिफारिस र कारागार वा हिरासतमा रहेको भए सम्बन्धित कार्यालयको सिफारिसमा पालिकाले प्रचलित कानुन बमोजिम जारी भएको अधिकृत वारेसनामा पेश गरेमा त्यस्तो अधिकृत वारेसनामाको आधारमा आवश्यक जाँचवुझ गरी नामसारी गरिदिनु पर्नेछ।

(८) सवारी साधन नाबालकको नाममा दर्ता वा नाबालकको नामबाट अरु कसैका नाममा नामसारी गर्नु परेमा ऐन, नियमावली तथा यस कार्यविधिमा भएको व्यवस्थाको अतिरिक्त प्रचलित कानुनी व्यवस्थाको अधीनमा रहि संरक्षक वा माथवरको रोहवरमा निजको सनाखत समेत गराई नामसारी गरिदिनु पर्नेछ।

(९) सवारी साधन धनी देश बाहिर वा भित्र बसोबास गरी सम्बन्धित पालिकामा उपस्थित हुन नसकेको अवस्थामा प्रचलित कानुन बमोजिम जारी भएको अधिकृत वारेसनामा पेश गरेमा त्यस्तो अधिकृत वारेसनामाको आधारमा आवश्यक जाँचवुझ गरी सवारी साधनको बिक्री वा नामसारी गर्न सकिनेछ।

(१०) सवारी साधन बिक्री गर्ने धनीले नामसारीका बखत उपस्थित हुन नसक्ने भए नामसारी हुने मितिभन्दा अगाडि सवारी साधन धनी पालिकामा उपस्थित भई सम्बन्धित स्रेस्ता तथा नामसारी फाराममा ल्याप्चे सहीछाप सहित सनाखत गर्न पालिकामा निवेदन दिएमा त्यस् निवेदन मनासिव देखेमा सम्बन्धित फाँटका अधिकृतले निजको सक्कल नागरिकता सहित कागजात हेरी सो व्यहोरा प्रमाणित गरी सोही सनाखतको आधारमा सनाखत भएको मितिले पैंतीस दिन भित्र नामसारी गरिदिनु पर्नेछ।

(११) उपदफा (१) बमोजिम सवारी साधन नामसारीका लागि दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा पालिकाले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम नामसारी गर्न उपयुक्त देखेमा ऐन, नियमावली तथा यस कार्यविधिको अधीनमा रहि सवारी साधनको नामसारी गरिदिनु पर्नेछ।

१४. **<u>सवारी साधन धनीको मृत्यु भएमा सवारी साधनको नामसारीः</u>** (१) दर्ता भएको कुनै सवारी साधन धनीको मृत्यु हुन गएमा र उक्त सवारी साधन धनीको प्रचलित कानुन बमोजिमको हकवालाले त्यस्तो सवारी साधन आफ्नो नाममा नामसारी गर्न चाहेमा ऐनको दफा ३७ को उपदफा (२) मा उल्लेख भए बमोजिमको कागजात तथा अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-११ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) सवारी साधन धनीको मृत्यु भई मृतकको नामबाट हकवालाको नाममा नामसारी गर्दा मृत्यु दर्ता प्रमाणपत्र, नाता प्रमाणित भएको प्रमाणपत्र साथै मृतकको सबैभन्दा नजिकको हकवाला हो भन्ने सम्बन्धित वडाको सिफारिस पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा पालिकाले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम सवारी

साधनको नामसारी गर्न उपयुक्त देखेमा ऐन, नियमावली तथा यस कार्यविधिको अधीनमा रहि सवारी साधनको नामसारी गरिदिनु पर्नेछ।

**१५.** **सवारी साधन नामसारी नहुने:** (१) दफा १३ र १४ मा जुनसुकै कुरा लेखिएको भएता पनि कुनै व्यक्तिको नाममा दर्ता रहेको सवारी साधन दुर्घटना वा अन्य कारणबाट क्षतिग्रस्त भई त्यस्तो सवारी साधनको मोटर र चेसिस दुवै बिग्री काम नलाग्ने अवस्थामा रहेछ भने त्यसरी बिग्रीएको अवस्थामा सवारी साधन नामसारी हुने छैन।

(२) प्रचलित कानुन बमोजिम सवारी साधन नामसारी रोक्का भएको वा कुनै प्रमाणको स्वामित्व सम्बन्धी विवाद परी हक वेहक छुट्याउनु पर्ने अवस्थामा वा अन्य कारणबाट अदालतमा मुद्धा परी बिचाराधीन अवस्थामा रहेछ भने त्यस्तो मुद्धाको अन्तिम किनारा नलागेसम्म त्यस्तो सवारी साधनको नामसारी हुने छैन।

**१६.** **दर्ता प्रमाण-पत्रको निलम्बन:** (१) देहायको कार्य गरेको पाईएमा गाउँपालिकाले त्यस्तो सवारी साधनको दर्ताको प्रमाण-पत्र छ महिनाको लागि निलम्बन गर्न सक्नेछः

(क) समय-समयमा प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मापदण्ड विपरित सवारी साधन चलाएमा वा,

(ख) गाउँपालिकाले तोकेको रुटभन्दा अन्य रुटमा पटक-पटक चलाएको पाईएमा वा,

(ग) ऐन, नियमावली र यस कार्यविधिको उल्लंघन गरेको पाईएमा।

**१७.** **दर्ता प्रमाण-पत्र खारेजी सम्बन्धी व्यवस्था:** (१) कुनै सवारी साधन धनीले त्यस्तो सवारी साधनको दर्ताको प्रमाण-पत्र खारेज गरी लगतकट्टा गराउन चाहेमा गाउँपालिकामा अनुसूची-१२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) कुनै सवारी साधन काम नलाग्ने गरी नासिएमा, कानुन बमोजिम अन्य पालिका लगिएमा, नभेटिने गरी हराएमा वा सवारी साधन धनीले आफ्नो स्व-इच्छाले सवारी साधनको लगत कट्टा गरिदिन उपदफा (१) बमोजिम निवेदन दिएमा लगतकट्टा गर्ने त्यस्तो सवारी साधनको सम्बन्धित अधिकारीको रोहवरमा मोटर र चेसिस पुनः प्रयोग हुन नसक्ने गरी नष्ट गरेर मात्र दर्ता खारेजी गरी लगतकट्टा गरिदिनु पर्नेछ।

(३) कुनै सवारी साधन काम नलाग्ने गरी वा नभेट्ने गरी हराएमा सम्बन्धित प्रहरी कार्यालयको सरजमिन मुचुल्का सहितको सिफारिस, सम्बन्धित अधिकारीको स्थलगत प्रतिवेदन, सवारी साधन धनीको नभेटिएको वा काम नलाग्ने गरी नासिएको हो भन्ने स्वघोषणा पत्र र बिमा गरेको निकायको पत्र, कानुन बमोजिम बिदेश लगिएको सवारी साधनको हकमा बिदेशमा लगिएको पुष्टि हुने कागजात पेश गरिसकेपछि मात्र त्यस्तो सवारी साधनको दर्ता खारेजी गरी लगतकट्टा गर्नु पर्नेछ।

(४) यस कार्यविधिको दफा ९ को उपदफा (२) बमोजिम सरुवा सहमति भई गएको सवारी साधनको लगतकट्टा गर्नु पर्नेछ।

(५) सवारी साधनको लगतकट्टा गर्दा त्यस्तो सवारी साधनबाट ऐन, नियमावली, कार्यविधि तथा प्रचिलत कानुन बमोजिम असुल गर्नुपर्ने कर, आयकर, दस्तुर, शुल्क, जरिवाना लगायत अन्य बक्यौता असुल उपर गर्नुपर्ने रहेछ भने त्यस्तो

बक्यौता असुल गरेर मात्र सवारी साधनको दर्ता खारेज गरी लगतकट्टा गर्नु पर्नेछ।

**१८. <u>दर्ता प्रमाण-पत्रको प्रतिलिपिः</u>** (१) दर्ताको प्रमाण-पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले पैंतीस दिनभित्र सवारी साधनको दर्ता प्रमाण-पत्रको प्रतिलिपि आवश्यक परेमा सम्बन्धित सवारी साधन धनीले अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-१३ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ तर हराएको वा नासिएको हकमा भने ट्राफिक प्रहरी कार्यालयको सिफारिस संलग्न गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा त्यस्तो दरखास्तको सम्बन्धमा गाउँपालिकाले आवश्यक जाँचवुझ गरी दरखास्तवालाको माग बमोजिम दर्ता प्रमाण-पत्रको प्रतिलिपि दिनु पर्नेछ।

## परिच्छेद-३
## सवारी साधन व्यवस्थापन तथा जाँचपास

**१९. सवारी व्यवस्थापन समितिको गठनः** (१) गाउँपालिका भित्र सवारी साधन संचालनलाई व्यवस्थित गर्दै सर्वसुलभ र दुर्घटना रहित ढंगबाट सेवा सुचारू गर्न आवश्यक मार्गनिर्देशनका लागि पालिकामा देहाय अनुसारको सवारी साधन व्यवस्थापन समिति रहनेछ।

(क) गाउँपालिका अध्यक्ष —अध्यक्ष
(ख) गाउँपालिका उपाध्यक्ष —सदस्य
(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य
(घ) अधिकृत प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय — सदस्य
(च) इलाका प्रहरी कार्यालयका प्रमुख — सदस्य
(छ) अटो व्यवसायी मध्येवाट गाउँपालिकाको अध्यक्षले तोकेको व्यक्ति — सदस्य
(ज) यातायात कार्यालयको अधिकृत प्रतिनिधि — सदस्य
(झ) ईञ्चार्ज, ट्राफिक प्रहरी कर्यालय — सदस्य
(ञ) गाउँपालिकाको प्रशासन शाखा प्रमुख — सदस्य-सचिव

(२) आवश्यकता अनुसार यस क्षेत्रका विज्ञ वा निकायलाई आमन्त्रण गर्न सकिनेछ।

(३) समितिको वैठक अध्यक्षको आदेश अनुसार सदस्य सचिवले वोलाउने छ। समितिको वैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिको काम कर्तव्य र अधिकारः

(क) गाउँपालिका भित्र अटो तथा ई-रिक्सा सञ्चालनलाई व्यवस्थित गर्न आवश्यक मार्गदर्शन गर्ने।
(ख) पार्किङ्ग स्थल तोक्ने।
(ग) स्थान अनुसारको भाडादर निर्धारण गर्ने।
(घ) सेवा क्षेत्र अनुसार अटो तथा ई-रिक्साको संख्या निर्धारण गर्ने।
(ङ) अटो तथा ई-रिक्साको व्यवस्थापन र यात्रुहरु बीच विवाद भएमा समाधान गर्न सहजीकरण गर्ने।
(च) गाउँपालिकाले प्राप्त गर्ने यस क्षेत्रको राजश्व समबन्धी विषयमा सुझाव दिने।

**२०. बाटो इजाजत-पत्रः** (१) यस कार्यविधि बमोजिम दर्ता भएका सवारी साधनले यस पालिकाभित्र सञ्चालन गर्ने गरी बाटो इजाजत-पत्र लिन सवारी साधन धनी वा व्यवस्थापकले बाटो इजाजत-पत्रको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित कार्यालयमा अनुसूची-१४ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) बाटो इजापत्र पत्र दिंदा गाउँपालिकाले कायम गरेको रुटहरुमा रुट तोकी सोही बमोजिम दिइनेछ। त्यसरी रुट तोक्दा राष्ट्रिय राजमार्गमा संचालन गर्ने गरी तोकिने छैन तर राष्ट्रिय राजमार्ग क्रस गर्ने गरी सवारी साधन संचालन गर्न रोक लागाइने छैन।

(३) यस गाउँपालिकासँग जोडिएको अन्य पालिकाको क्षेत्रभित्र पर्ने गरी बाटो इजाजत माग गरेमा सम्बन्धित पालिकाको सहमति-पत्रको आधारमा बाटो इजाजत-पत्र दिन सकिनेछ।

(४) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी अनुसूची-१५ बमोजिमको दर्ता किताबमा दर्ता गरी अनुसुची-१६ बमोजिमको ढाँचामा तोकिएको रुटमा संचालन गर्ने बाटो इजाजत-पत्र दिनेछ।

२१. **<u>पटके बाटो इजाजत पत्रः</u>** (१) यस गाउँपालिका भित्र दर्ता भएका सवारी साधन अन्य पालिकामा एक पटक गएर फर्किनको लागि पालिकाले तोकेको स्थानबाट पटके बाटो लिनको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-१७ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) बागमती प्रदेशको अन्य पालिकमा दर्ता भएका सवारी साधन यस गाउँपालिकामा आएर फर्कनु पर्ने भएमा पालिकाले तोकेको स्थानबाट पटके बाटो लिनको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-१८ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी अनुसूची-१९ बमोजिमको पटके बाटो इजाजत-पत्र दिनेछ।

(४) पटके बाटो इजाजत-पत्र सिमाना जोडिएका कुनै एक पालिकाबाट लिन सकिने छ।

२२. **<u>बाटो इजाजत-पत्रको निलम्बनः</u>** (१) देहायको कार्य गरेको पाईएमा पालिकाले त्यस्तो सवारी साधनको बाटो इजाजत पत्र ६ महिनाको लागि निलम्बन गर्न सक्नेछः

(क) प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी तोकेको मापदण्ड विपरित सवारी साधन चलाएमा वा,

(ख) गाउँपालिकाले तोकेको रुटभन्दा अन्य रुट पटक पटक चलाएको पाईएमा वा,

(ग) ऐन, नियमावली र यस कार्यविधिको उल्लंघन गरेको पाईएमा।

२३. **<u>बाटो इजाजत-पत्रको खारेजीः</u>** कार्यविधिको दफा १७ बमोजिम दर्ता प्रमाणपत्र खारेज हुँदा बाटो इजाजत पत्र स्वतः खारेज हुनेछ।

२४. **<u>बाटो इजाजत-पत्रको नामसारीः</u>** दफा १३ र १४ बमोजिम दर्ता प्रमाणपत्र नामसारी हुँदा बाटो इजाजत पत्र स्वतः नामसारी हुने छ।

२५. **<u>बाटो इजाजत-पत्रको प्रतिलिपीः</u>** (१) बाटो इजाजत पत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सवारी साधन धनी वा व्यवस्थापकले बाटो इजाजत पत्रको प्रतिलिपि लिन अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-२० बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दरखास्त पर्न आएमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी बाटो इजाजत-पत्रको प्रतिलिपि दिनेछ।

२६. **<u>जाँचपास प्रमाणपत्रः</u>** (१) यस कार्यविधि बमोजिम दर्ता भएको सार्वजनिक सवारी साधनको जाँचपास प्रमाणपत्र लिनको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-२२

बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ। जाँचपास प्रमाणपत्र बिना सार्वजनिक सवारी साधन सञ्चालन गर्न पाइने छैन।

(२) कम्पनी वा डिलरका नामबाट नामसारी गरी सार्वजनिक सवारी साधन संचालन गर्न चाहने व्यक्ति वा संघ/सस्थाले आफ्नो नाममा सवारी साधन नामसारी भएको मितिले सात दिन भित्र जाँचपासको प्रमाणपत्र लिई सक्नु पर्नेछ।

(३) सवारी साधनको जाँचपास गर्दा प्रचलित कानुन बमोजिम तोकिएको मापदण्ड र प्रक्रिया अवलम्वन गर्नु पर्नेछ।

(४) उपदफा (१) बमोजिम दरखास्त पर्न आएमा गाउँपालिकाले सम्बन्धित प्राविधिक मार्फत जाँचपास गर्न लगाई जाँचपास विवरण फाराम बमोजिमको व्यहोरा ठिक देखिन आएमा अनुसूची-२२ बमोजिमको जाँचपास किताबमा दर्ता गरी अनुसूची-२३ बमोजिमको ढाँचामा ६ महिना म्याद भएको जाँचपास प्रमाणपत्र दिनु पर्नेछ।

२७. **<u>जाँचपास प्रमाणपत्रको प्रतिलिपि</u>**: (१) कुनै सवारी साधनको सक्कल जाँचपास प्रमणपत्र हराएमा, च्यातिएमा, झुत्रो भै नबुझिने भएमा वा अन्य कारणबाट नासिएमा सम्बन्धित सवारी धनी वा व्यवस्थापकले जाँचपास प्रमाणपत्रको प्रतिलिपिको लागि अनुसूची-१ बमोजिमको दस्तुर सहित अनुसूची-२२ बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ तर त्यस्तो जाँचपास प्रमाणपत्र हराएको हकमा सम्बन्धित ट्राफिक कार्यालयको सिफारिस अनिवार्य संलग्न गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पर्न आएको दरखास्तको सम्बन्धमा गाउँपालिकाले आवश्यक जाँचबुझ गरी दरखास्तवालाको माग बमोजिम जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिन आवश्यक देखेमा जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

२८. **<u>जाँचपास किताब</u>**: दफा २५ र २६ बमोजिम जाँचपास प्रमाणपत्र दिइएको, नवीकरण गरिएको व्यहोरा अद्यावधिक रुपमा राख्न पालिकाले जाँचपास किताब तयार गरी राख्नु पर्नेछ।

२९. **<u>बिमा सम्बन्धी व्यवस्था:</u>** बिमा समितिबाट लागू भएको मोटर विमा दर सम्बन्धी निर्देशिका बमोजिम (सिट संख्याको आधारमा यात्रुको विमा समेत गरेको) सवारी धनी वा व्यवस्थापकले प्रत्येक सवारी साधनको विमा गरी विमा अवधि कायम रहेको विमालेख हेरेर मात्र सवारी साधनको दर्ता, नामसारी, नवीकरण लगायतका सेवा प्रदान गरिने छ।

३०. **<u>सूचना प्रकाशन गरिने:</u>** पालिका क्षेत्रमा संचालित सम्पूर्ण सवारी साधन दर्ताका लागि सूचना प्रकाशन गरिने छ।

३१. **<u>सवारी चालक अनुमति पत्र:</u>** सवारी साधन चालकले ऐनमा तोकिए बमोजिमको सवारी चालक अनुमति पत्र लिनु पर्नेछ।

३२. **<u>साविकमा संचालनमा रहेको सवारी साधनको दर्ता नियमित सम्बन्धी व्यवस्था:</u>** यो कार्यविधि जारी हुनु भन्दा अगाडि यातायात व्यवस्था कार्यालयमा दर्ता भई यस पालिकामा संचालित सवारी साधन यसै कार्यविधि बमोजिम नियमित गरिने छ। दर्ता नियमित गर्न अनुसूची २४ बमोजिम निवेदन दिनु पर्नेछ।

३३. **पालिका क्षेत्रको लागि मात्र दर्ता गरिने:** यस पालिका क्षेत्रमा संचालन हुने तीनपाङ्ग्रे सावरी साधन मात्र यस कार्यविधि बमोजिम दर्ता हुनेछ।

३४. **सवारी साधनको पार्किङ तथा संचालनः** सवारी साधनको पार्किङ्ग तथा संचालन गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

३५. **अन्य पालिकाको सवारी साधनको आगमन सीमाना:** अन्य छिमेकी पालिका बाट यस पालिकामा प्रवेश गर्ने सवारी साधनलाई बागमती गाउँपालिकाको सिमानासम्म मात्र प्रवेश गर्न दिइने छ।

३६. **राजमार्गमा प्रवेश गर्न नपाइने:** तीनपाङ्ग्रे सावरी साधन सामान्यत राजमार्ग क्षेत्रमा प्रवेश गर्न दिइने छैन तर क्रस गर्न भने बाधा पर्ने छैन।

३७. **सवारी साधनको निरीक्षण तथा अनुगमनः** यस गाउँपालिकामा दर्ता भएका सवारी साधनको निरीक्षण तथा अनुगमन सम्बन्धित निकाय तथा यस गाउँपालिकाबाट हुनेछ।

३८. **यातायात कायालर्यबाट विवरण लिने:** साविकमा यस गाउँपालिका क्षेत्रमा संचालनमा रहेका सवारी साधनको विवरण सम्बन्धित यातायात व्यवस्था कार्यालयबाट लिइनेछ।

३९. **भन्सार प्रज्ञापनपत्र पेश गर्नुपर्ने:** सवारी साधन खरिदकर्ताले भन्सार प्रज्ञापनपत्र पेश गर्नु पर्नेछ। यदि प्रज्ञापनपत्रमा यातायात कार्यालय भनि उल्लेख गरिएको खण्डमा सम्बन्धित यातायात कार्यालय मार्फत यस कार्यालयमा दतार्का लागि निवेदन पेश गर्नुपर्नेछ। पालिका क्षेत्रमा संचालन गर्न यकिन भएका सवारी साधनको हकमा सोझै यस कार्यालयमा निवेदन पेश गर्न सकिनेछ।

४०. **विविधः** (१) सवारी साधन संचालन गर्दा जे प्रयोजनको लागि अनुमति लिएको हो सोही प्रयोजनको लागि प्रयोग गर्नु पर्नेछ। यात्रु बोक्ने सवारी सामान ढुवानीमा प्रयोग गर्न पाईने छैन।

(२) सवारी साधन दर्ता, नामसारी र सरुवा सहमतिका लागि वडाको सिफारिस पेश गर्नु पर्नेछ।

## अनुसूची-१
## दफा ८ को उपदफा (१), (२) र (३) सँग सम्बन्धित
## <u>सवारी साधनको विभिन्न दस्तुर तालिका</u>

| क्र. सं. | शुल्कको विवरण | सवारी साधनको किसिम |
|---|---|---|
| १. | दर्ता | निजी |
| | | सार्वजनिक |
| २. | परिवर्तन, हेरफेर | निजी |
| | | सार्वजनिक |
| ३. | दर्ताको प्रमाण-पत्र नवीरकण | निजी |
| | | सार्वजनिक |
| ४. | नामसारी | निजी |
| | | सार्वजनिक |
| ५. | डोर दस्तुर | निजी |
| | | सार्वजनिक |
| ६. | दर्ताको प्रमाण-पत्र प्रतिलिपि | निजी |
| | | सार्वजनिक |
| ७. | बाटो इजाजत-पत्र | सार्वजनिक |
| ८. | बाटो इजाजत-पत्र नवीकरण | सार्वजनिक |
| ९. | बाटो इजाजत-पत्र नामसारी | सार्वजनिक |
| १०. | बाटो इजाजत-पत्र प्रतिलिपि | सार्वजनिक |
| ११. | सवारी साधनको जाँचपास प्रमाणपत्र | सार्वजनिक |
| १२. | सवारी साधनको जाँचपास प्रमाणपत्रको प्रतिलिपि | सार्वजनिक |

**स्पष्टीकरणः** यस कार्यविधिको अनुसूची-१ बमोजिम सवारी साधनको उल्लिखित विभिन्न दस्तुर गाउँपालिकाको आर्थिक ऐन बमोजिम हुनेछ तर आर्थिक ऐनमा तोकी नसकिएको खण्डमा प्रदेश कानुनले तोके बमोजिम हुनेछ। साथै संस्थानका सवारी साधनहरुको दस्तुर सार्वजनिक सवारी साधन सरह र सरकारी सवारी साधनहरुको दस्तुर निजी सरह लाग्नेछ।

## अनुसूची-२

### दफा ८ को उपदफा (१) , (२) र (३) सँग सम्बन्धित

### सवारी साधन दर्ता गर्न दिइने दरखास्त

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**बागमती गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**झुरझुरे, मकवानपुर।**

**विषयः सवारी साधन दर्ता गरी पाउँ।**

मेरो/हाम्रो नाममा खरिद भएको/प्राप्त भएको/झिकाएको निम्न विवरण भएको सवारी साधन सुरु/ स्थान्तरण/ सरुवा दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरु यसै साथ राखी पेश गरेको छु/छौं। उक्त सवारी साधन जाँच गरी मेरो/हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन दरखास्त दिएको छु/छौं।

१. सवारी साधन दर्ता गराउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम, थरः-
२. ठेगानाः- (क) स्थायीः-
   (ख) अस्थायीः-
३. पिता वा पतिको नाम थर (व्यक्ति भएमा):-
४. सवारी साधनमा भएको दर्ता नं. (साविकको):-
५. सवारी साधनको किसिमः-
६. सवारी साधन बनाउने कम्पनीको नामः-
७. सवारी साधनको मोडेल नं. (निर्माण भएको साल)
८. सवारी साधनको क्षमता.:-
९. सवारी साधनको चेसिस नं.:-
१०. सवारी साधनको रङ्गः-
११. सवारी साधनमा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट, टेलिफोन आदि)
१२. सवारी साधनको वजन क्षमताः- (क) कुल वजनः-
   (ख) भारवहन क्षमताः-
   (ग) सिट संख्याः-
१३. प्रयोगः-
१४. चलाउने क्षेत्रः-
१५. भन्सार तिरेको निस्साः- (क) भन्सार कार्यालयको नामः-
   (ख) प्रज्ञापन पत्र नं.:-
   (ग) रसिद नं.:-
   (घ) मितिः-
१६. झिकाउने इजाजत पाएको निस्सा (क) निस्सा दिने कार्यालय:-
   (ख) निस्सा प्रमाणपत्र नं.:-
   (ग) मिति:-

१७.   अन्य प्रमाणपत्रको विवरणः-

दरखास्तवालाको
सहीः-
नाम, थरः-
ठेगानाः-
मितिः-

---

**कार्यालय प्रयोजनको लागि**

सवारी साधन निरीक्षणको व्यहोराः-

सवारी साधन नं. ..........   मो. नं. ..........   चे.न. ......................

अन्य व्यहोरा भए खुलाउने............................................................................................
.....................

निरीक्षण गर्ने प्राविधिकको सही
प्रदान गरिएको दर्ता नं.:-
दर्ता मितिः-

माथि उल्लिखित सम्पूर्ण विवरणहरुका साथै प्राविधिक प्रतिवेदनबाट सवारी साधन दर्ता गर्न उपयुक्त देखिएकोले निर्णयार्थ पेश गर्ने।

...........................   ........................................
फाँटवालाको सही   दर्ता गर्ने अधिकारीको सही

## अनुसूची-३
### (दफा ८ को उपदफा (४) सँग सम्बन्धित)
### पालिकाले दिइने सवारी साधनको नम्बर प्लेटको कोड र सङ्केत (अङ्क र अक्षरमा)

(क) साना (टेम्पो, अटो रिक्सा आदि जस्ता तीनपाङग्रे) सवारी साधन साधनहरुको लागि।

| स्थानीय तहको नाम | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| बागमती गाउँपालिका | स | ह | क्ष | त्र | - |

**उदाहरणार्थः** स्थानीय तह बागमती गाउँपालिकामा दर्ता भइ सवारी साधन समूह अङ्क ००१ र दर्ता नम्बर ११०० भएको निजी तीनपाङ्ग्रे सवारी साधनमा देहाय बमोजिमको नम्वर प्लेट राख्ने।

| अगाडि | पछाडि |
|---|---|
| बागमती गाउँपालिका | बागमती गाउँपालिका |
| ००१ स ११०० | ००१ स ११०० |

(ख) यस्तो दर्ता नम्बर एउटा सङ्केत अक्षरमा बढीमा चार अङ्कसम्म (१ देखि ९९९९) सम्म मात्र हुनेछ। प्रयोग अनुसार कुनै एक सङ्केत अक्षरमा चार अङ्कको सबैभन्दा ठूलो सङ्ख्या (९९९९) पुगेपछि क्रमशः अर्को सङ्केत अक्षर दिई त्यसमा पनि १ देखि ९९९९ सम्म दिँदै जानु पर्नेछ।

सवारी साधन दर्ता नम्बर-
सवारी साधनको किसिम-
सवारी साधनको दर्ता मिति-

**अनुसूची-४**
**(दफा ३ को उपदफा (२५) सँग सम्बन्धित)**
**<u>सवारी साधन दर्ता किताब</u>**
**बागमती गाउँपालिकाको कार्यालय**
**झुरझुरे, मकवानपुर**
**बागमती प्रदेश**

सवारी साधन धनीको फोटो

**सवारी साधन दर्ता लगत विवरण**

| १ | २ | २ | ४ | ५ | | ६ | | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सवारी साधनको विस्तृत विवरण | सवारी साधन दर्ता गराउने निस्साहरुको विवरण | सवारी साधन धनीको नाम, थर र ठेगाना | सवारी साधन धनीको दस्तखत | सवारी साधनको नामसारी | | सवारी साधनको दर्ता प्र.प. को नवीकरण | | दस्तुर बुझाएको रसिद नम्बर र मिति | चढाउने वा फाँटवालाको दस्तखत | सवारी साधन दर्ता नामसारी वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
| | | | | बिक्री गर्नेको सही | खरिद गर्नेको सही | नवीकरण मिति | म्याद पुग्ने मिति | | | | |
| १. सवारी साधनको दर्ता नम्बर-<br>२. सवारी साधन दर्ता मिति-<br>३. सवारी साधनको मोडेल वा निर्माण भएको वर्ष-<br>४. बनाउने कम्पनी-<br>७. कुल बजन-<br>८. बजन क्षमता सिट वा बोक्ने क्षमता-<br>(क) सिट सङ्ख्या-<br>(ख) बजन क्षमता-<br>१०. इञ्जिन नम्बर- | १. भन्सार तिरेको निस्सा-<br>(क) भन्सार कार्यालयको नाम-<br>(ख) प्रज्ञापन पत्र नम्बर<br>(ग) रसिद नम्बर-<br>(घ) मिति-<br>(ङ) अन्य-<br>(ङ) झिकाउने इजाजत पाएको निस्सा- | | | | | | | | | | |

अनुसूची-५

(दफा ८ को उपदफा (५) सँग सम्बन्धित)

सवारी दर्ता प्रमाण पत्रको ढाँचा

बागमती गाउँपालिकाको कार्यालय

झुरझुरे, मकवानपुर।

सवारी साधन दर्ता नं. ...................

सवारी साधनको किसिमः .................                                        अधिकृतको सही

दर्ता मितिः .............................

सवारी साधन धनीको नाम, थर र वतनः ...........................

सवारी साधन धनीको हस्ताक्षरः

| सवारी साधन धनीको फोटो |
|---|

दर्ता गर्ने अधिकारीको

हस्ताक्षरः ....................

मितिः.................

नामसारी भएको मिति

| सवारी साधन धनीको फोटो |
|---|

सवारी साधन धनीको नाम, थर र वतनः

.................................................................

नामसारी गर्ने अधिकारीको

हस्ताक्षरः .................

## अनुसूची-६

(दफा ९ को उपदफा (१) सँग सम्बन्धित)

**सवारी साधनको सरुवा सहमति लानको लागि दिइने दरखास्त**

**श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,**
**बागमती गाउँपालिका,**
**गाउँ कार्यपालिकाको कार्यालय,**
**झुरझुरे, मकवानपुर।**

**विषयः सवारी साधनको सरुवा सहमति पाउँ।**

मेरो/हाम्रो नाममा यस बागमती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता कायम रहेको निम्न विवरण भएको सवारी साधन .................... कार्यपालिका कार्यालयमा सरुवा सहमति लानको लागि निस्सा प्रमाणहरु यसै साथ संलग्न राखी पेश गरेको छु/छौं। सरुवा सहमति पाउँ।

१ सवारी साधन धनी व्यक्ति/फर्म/कम्पनी वा संस्था को नाम, थरः-
२. ठेगानाः-
३. सवारी साधन दर्ता नं.-
४. सवारी साधनको किसिम:-
५. सवारी साधन बनाउने कम्पनीको नाम:-
६. सवारी साधनको मोडेल निर्माण भएको सालः-
७. सवारी साधनको चेसिस नं.-
८. व्याट्रीको संख्याः-
९. हर्ष पावर सि.सि.:-
१०. सवारी साधनको रङ्ग:-
११. सवारी साधनमा भएको इलेक्ट्रोनिक संचारको उपकरण (रेडियो, क्यासेट र टेलिफोन आदि)
१२. सवारी साधनको बजन क्षमताः- (क) कुल बजन:-
(ख) भारवहन क्षमता:-
(ग) सिट संख्याः-
१३. प्रयोग:-
१४. जाँचपास प्रमाणपत्रको अवधिः
१५. भन्सार तिरेको निस्साः- (क) भन्सार कार्यालयको नाम:-
(ख) प्रज्ञापन पत्र नं.:-
(ग) रसिद नं.:-
(घ) मितिः-
१६. प्रवेश दर्ता प्रमाण पत्रको निस्साः- (क) प्रवेश दर्ताको निस्सा दिने प्रहरी कार्यालयको नाम:-
(ख) प्रवेश दर्ताको निस्सा

दिएको मितिः-

(ग) प्रवेश दर्ता निस्सा नं.:-

१७. झिकाउने इजाजत पाएको निस्सा :- (क) निस्सा दिने कार्यालयः-

(ख) निस्सा पत्र नं.:-

(ग) मितिः-

१८. अन्य प्रमाणको विवरणः-

दरखास्तवालको

सहीः-

नाम, थरः-

ठेगानाः-

मितिः-

कार्यालय प्रयोजनको लागि

सवारी साधन निरीक्षणको व्यहोराः-

.........................................................................................

| | | |
|---|---|---|
| .............................. | ...................... | .............................. |
